फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल ।

फोन नं.: ०६७ -४३०१०३
०६७ -४३०१०२
०६७ -४३०१०४

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

प.सं. :- ०८०।०८१
च.नं. :- १७५

मिति २०८०/०५/३१

विषय : - संबिधान दिवस मनाउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै
फलेवास नगरपालिका, पर्वत ।

प्रस्तुत बिषयको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको मिति २०८०/०५/३१, च.नं. ६८५ को पत्रानुसार मिति २०८०/०६/०३ गते संबिधान दिवस २०८० मनाउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सरोकारवाला विच बसेको बैठकको निर्णय आवश्यक कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

ऋषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६७-४२०१३३,
४२०१३४,
४२११७२
फ्याक्स नं. ०६७-४२०३०३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्वत, कुश्मा

प.सं.:- २०८०/०८१
च.नं.:- ६८५

मितिः- २०८०/०५/३१

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सबै, पर्वत ।
श्री जिल्लास्थित सबै सरकारी कार्यालयहरु, पर्वत ।

दर्ता नं.: २६० दर्ता मिति: ०८०।५।३१

प्रस्तुत विषयका सम्बन्धमा मिति २०८०।०५।२९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा संविधान दिवस-२०८० मनाउने सम्बन्धमा सरोकारवाला निकायहरुबीच बसेको बैठकको निर्णय आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

नविन सुवेदी
प्रशासकीय अधिकृत

श्री प्रशासन शाखा
श्रीमान् नगरप्रमुखज्यूलाई जानकारी गराउने
सबै वडा कार्यालयहरुमा पत्र पठाउने
गरी ...
५।३१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत

निर्णयहरु :

गृह मन्त्रालयको च.नं. १४० मिति २०८०।०५।२१ को संविधान दिवस २०८० मनाउने सम्बन्धी पत्रको व्यहोरा अवगत भइ सो सम्बन्धमा छलफल हुँदा संविधान दिवसको अवसरमा तपशिल बमोजिम कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

१. संविधान दिवस मनाउन जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णुराम वि.क.को संयोजकत्वमा जिल्लास्थित सम्पूर्ण स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका प्रमुखहरु, पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष, पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्ष, गै.स.स. का प्रमुखहरु सदस्य रहने गरी मूल समारोह समिति गठन गर्ने ।

२. आश्विन २ गते जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालय एवं शैक्षिक तथा सामुदायिक संघसंस्थाहरुले राष्ट्रिय झण्डा एवम् ब्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने ।

३. आश्विन २, ३ र ४ गते साँझ जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालयहरु र सार्वजनिक महत्वका स्थलहरुमा दिप प्रज्वलन गर्ने । आमनागरिकहरुलाई आ-आफ्नो घरमा साँझ दिपावली गर्न अनुरोध गर्ने । यो कार्यमा समन्वय र सहजीकरण पर्वत उद्योग वाणिज्य संघले गर्ने ।

४. आश्विन ३ गते विहान ७ बजे लोकतान्त्रिक चोकमा भेला भई शहिदको शालिकमा माल्यार्पण गरी कुश्मा बजारमा प्रभातफेरी संचालन गर्ने । तत्पश्चात उक्त प्रभातफेरी जिल्ला समन्वय समितिको सभाहलमा मूल समारोह परिणत हुने । सो को सम्पूर्ण व्यवस्थापन जिल्ला समन्वय समिति, पर्वत र कुश्मा नगरपालिकाले गर्ने ।

५. संविधान दिवसको उपलक्ष्यमा संविधानको भावना र मर्म बमोजिम संवाद, परिसंवाद चलाउन नेपाल पत्रकार महासंघ, पर्वत शाखालाई अनुरोध गर्ने ।

६. जिल्लास्थित सरकारी, गैर सरकारी तथा सामुदायिक संघसंस्थाहरुबाट आयोजना तथा संचालन हुने रचनात्मक, सिर्जनात्मक, सन्देशमुलक तथा जनचेतनामुलक कार्यक्रमहरुमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने/गराउने ।

७. आ-आफ्नो स्थानीय तह भित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदास्थलहरुको सरसफाई सहित सौन्दर्यीकरण अभिवृद्धि गर्न सम्पूर्ण स्थानीय तहलाई अनुरोध गर्ने ।

८. आ-आफ्नो स्थानीय तह स्थित मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायत धार्मिक स्थलहरुमा पुजारी/धर्मगुरुबाट नित्य धार्मिक अनुष्ठान/संकल्प गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जिवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरुको आत्माको चिरशान्तिको कामना एवं उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दै पुजापाठ तथा प्रार्थना गर्न/गराउन जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरुलाई अनुरोध गर्ने ।